नेपाल सरकार

सहरी विकास मन्त्रालय

# आ.व. २०७४-७५ को नीति तथा कार्यक्रमको कार्ययोजनाको वैशाख महिनासम्मको प्रगति

| बुँदा नं. | नीति/ कार्यक्रम | क्रियाकलाप | कार्यान्वयन अवधि | जिम्मेवार निकाय | कार्यान्वयन प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| ९ | अर्थतन्त्रमा हासिल भएको उक्त बृद्दिलाई स्थायित्व दिदैं आगामी बर्ष पनि उच्च दरको आर्थीक बृद्दी हासिल हुने गरी चालु आर्थीक बर्षका राष्ट्रिय महत्वका र क्रमागत आयोजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका लागी आवश्यक स्रोत साधन उपलब्ध गराइनेछ । प्राथमिकता प्राप्त आयोजनाहरुले कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुमगनको व्यवस्था गरिनेछ। | शहरी पूर्वाधारहरु निर्माण गर्ने, सरकारी भवन, सभाहल भवनहरु निर्काण गर्ने, नयाँ शहरहरु निर्माण गर्ने, तराई मधेशका सदरमुकाम का १८ नपाहरुमा शहरी पूर्वाधार विकास गर्ने | १० वर्ष | शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय तथा आयोजना | सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराइ मधेशका सदरमुकामका २० नपाहरुमा  शहरी पूर्वाधार विकास गर्न विभिन्न प्याकेजमा कार्यक्रमहरु सञ्चालनमा रहेको ।सघन सहरी कार्यक्रमतर्फ तराईका २० वटा नगरपालिकाहरुमा जनशक्ति सहितको कार्यक्रम कार्यान्वयन ईकाइ स्थापना भएको ।<br>सघन सहरी तर्फ कूल ६३ वटा प्याकेज लागत अनुमान ३५६११७२८४०८.४२ (भ्या. क. समेत) को क्रियाकलाप कार्यान्वयन भएको कूल कार्यान्वयन भएका क्रियाकलाप मध्ये ४ वटा प्याकेज लागत अनुमान १७५३६८८७०५.३४ (भ्या. क. समेत) को क्रियाकलापको चेकजाँच भइरहेको र ५९ वटा प्याकेज लागत अनुमान ३३८५८०३९७०३।०८ (भ्या. क. समेत) को क्रियाकलापको ल.ई. स्वीकृत भएको । ५९ वटा प्याकेज २४१६०७५४०७८।५३ (भ्या. क. बाहेक) को क्रियाकलापको बोलपत्र स्वीकृत भएको र सम्झौता भएको । हालसम्म खर्च ३५६२०२७०००।०० ।<br>विभिन्न जिल्लामा ३६ वटा सरकारी भवनहरु निर्माण भैरहेको ।कास्की, बुटवल, नेपालगंज र मकवानपुरमा गरी ४ वटा श्रम कार्यालयको भवन निर्माण भैरहेको ।विभिन्न १० स्थानमा भन्सार कार्यालयका भवनहरु निर्माण भैरहेको<br>- विभिन्न जिल्लामा १५ वटा सभाहलहरु निर्माण भैरहेको र थप २० वटा सभाहल डिजाइनको विभिन्न चरणमा रहेको । | |
| | | - ढल निर्माण कार्य<br>- सडक निर्माण कार्य<br>- नदी नियन्त्रण कार्य | २०८० सम्म | अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति | १. ढल निर्माण कार्य १९०० मि<br>२. सडक निर्माण कार्य १००० मि<br>३. नदी नियन्त्रण कार्य ८०० मि | |
| | | आ.व. ०७३/०७४ मा थप रकमको कार्यक्रम स्वीकृति भएको, सहरी विकास मन्त्रालयबाट निर्णय भईसकेको र अर्थ मन्त्रालयबाट निर्णय नभई रकम प्राप्त हुन नसकेको सम्पन्न भईसकेको कार्यहरुको लागि चालु आर्थिक वर्षमा क्रमागत आयोजना तथा कार्यक्रमहरुका रुपमा निरन्तरता दिईनेछ। | आ.व. ०७4/०75- आ.व. ०75/०76 | नेपाल सरकारका सबै निकाय | लक्ष्य अनुरुप १००% भौतिक प्रगति हासिल भएको तर वित्तियको लागि रकम प्राप्त नभएकोले वित्तिय प्रगति हुन बाँकी , सो सम्वन्धमा यस वर्षमा LMBIS मा कार्यक्रम बनाई मन्त्रालयमा स्वीकृतिका लागि पेश गरीएको र अर्थ मन्त्रालयवाट सुनिश्चित रकम मध्ये १२ करोड रकमान्तर भएको र बाँकी ६३,५६,८६ हजार हाल सम्म पनि प्राप्त नभएको।यस वर्षको विनियोजित बजेटबाट केही रकम भूक्तानी दिइएकोले यस बर्ष नयाँ कार्य नगरिएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | प्रत्येक शहरको प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील शहर निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आर्थिक रुपमा विपन्न, लोपोन्मुख समुदाय र दलितलाई जनता आवास कार्यक्रमनार्फत आवासको व्यवस्था गने कार्यलाई निरन्तरता दिइनेछ। शहर र गाँउको अन्तरसम्बन्ध मजबुत गर्दै व्यवस्थित र सम्बृद्ध गाउँहरु निर्माण गर्ने व्यवस्था मिलाइनेछ । प्रदेश राजधानीमा शहरी पूर्वाधारको विकास गरिनेछ । एकीकृत, व्यवस्थित, बैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणमा स्थानीय तहको नेतृत्वलाई बढी जिम्मेवार बनाई अधिकार सम्पन्न र क्षमतायुक्त बनाइनेछ । | काठमाण्डौं उपत्यकाको एक लाख रोपनीको क्षेत्रमा प्रदेश राजधानीको रुपमा विकास गर्न हाल सो स्थानमा डि.पि.आर. (DPR)को अध्ययन हुँदै गरेको। | डि.पि.आर. को लागि १८ महिना कार्यान्वयन को लागि ५ वर्ष | काठमाण्डौं उपत्यका विकास प्राधिकरण, सहरी विकास मन्त्रालय, स्थानिय विकास मन्त्रालय, भूमिसुधार मन्त्रालय, अर्थ मन्त्रालय र बाँकी सबै सहयोगी निकायका रुपमा रहनु पर्ने। | डि.पि.आर.को पहिलो चरण रद्द भई पुनः आव्हान भई मुल्यांकन सकाई RFP आव्हान गरिएको, र हाल सोको प्राविधिक / अर्थिक मुल्यांकन सकाई आशयको 15 दिने समय दिई परामर्शदाताहरूलाई पत्राचार गरि मिति २०७४।१२।२६ गते सम्झौता भएको र हाल सम्ममा इन्सेप्सन रिपोर्ट प्राप्त भइ सकेको। | |
| | | एक शहर एक पहिचान, स्मार्ट शहर, मेगासिटी | १० वर्ष | शहरी विकास तथा भवन निर्माण विभाग,आयोजना कार्यान्वयन इकाइ | - कार्यक्रम सञ्चालन गरिने क्षेत्र तथा नगरपालिकाहरुको छनौट भएको । अध्ययन तथा निर्माण कार्यको लागि TOR, DPR आदि तयार गर्ने कार्य भैरहेको ।<br>- पालुङटार,लुम्बिनी र निजगढको स्मार्ट सिटिको मास्टर प्लान तयार गर्ने परामर्शदाताहरुबाट inception report पेश भएको ।<br>-Preparation of Proposal for Developing ten smart cities को प्राविधिक प्रस्ताव स्वीकृत भै आर्थिक प्रस्ताव२०७५।०१।१२ मा खोल्नको लागि सम्बन्धित परामर्शदाताहरूलाइ सूचना गरिएको ।<br>- ३ वटा मेगासिटिको field report प्राप्त भै छलफल भएको र हाल परामर्शदाताबाट छनोट भएका प्रोजेक्टहरूको DPR तयार गर्ने काम भैरहेको<br>- एक सहर एक पहिचान तर्फका १८ वटा क्रमागत कार्यक्रम मध्ये ७ वटाको draft report प्राप्त भएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जनता आवास कार्यक्रम संचालन गर्ने | निरन्तर | शहरी विकास तथा भवन निर्माण विभाग,आयोजना कार्यान्वयन इकाइ | • मिति २०७४।४।२२ गते केन्द्रिय समन्वय समितिको बैठक सम्पन्न भएको।<br>• जनता आवास कार्यक्रम अन्तर्गत गत विगत आ.व. को क्रमागत २१४२२ आवास इकाई मध्ये ४१९८ आवास इकाई निर्माण सम्पन्न, २५९८ आवास इकाईको छाना तथा झ्याल ढोकाको कार्य सम्पन्न, ३७९६ आवास इकाईको गारोको कार्य सम्पन्न, २९६७ आवास इकाईको डि.पि.सि लेभलसमम कार्य सम्पन्न, १७८७ आवास इकाइको जग खन्ने कार्य सम्पन्न, ५३४५ आवास इकाई लाभग्राही छनौट भएको, ७३१ आवास इकाईको सर्वे कार्य सम्पन्न भएको ।<br>• नयाँ २५७७५ आवास इकाई कार्यक्रम संचालन ७४ वटा जिल्ला मध्ये हुने ५६ जिल्लाहरुको जिल्ला जनता आवास समन्वय समितिको बैठकबाट कार्यक्रम लागु हुने गा.पा/न.पा. छनौट भएको, ५० आवास इकाईको छाना तथा झ्याल ढोकाको कार्य सम्पन्न, १९९ आवास इकाईको गारोको कार्य सम्पन्न, ६७८ आवास इकाईको डि.पि.सि लेभलसमम कार्य सम्पन्न, १२६८ आवास इकाइको जग खन्ने कार्य सम्पन्न, ३०३० लाभग्राही छनौट भएको अवस्था छ। अन्य गाउँपालिका/नगरपालिका छनौट भएको अन्य आवास इकाईको जि.स.स समितिको बैठक बस्न बाँकी ।<br>• बैशाख मसान्तसम्म कुल बजेट २ अर्ब १ करोड ३९ को ६६% प्रतिशत खर्च भएको । | |
| | | प्रदेशको राजधानीमा भौतिक विकास योजना तयार गरि एकीकृत पूर्वाधार विकस गर्ने | १० वर्ष | शहरी विकास तथा भवन निर्माण विभाग, डि का तथा आयोजना | सातवटै प्रदेशको अस्थायी केन्द्रमा छनोट गरिएका सात वटा प्रदेशको अस्थायी केन्द्रका प्रशासनिक संरचनाहरूको मर्मत, सुधार र व्यवस्थापनको कार्य भएको । | |
| | | हरित शहर निर्माण गर्ने | १० वर्ष | शहरी विकास तथा भवन निर्माण विभाग, डि का तथा आयोजना | राष्ट्रिय योजना आयोगबाट यस सम्बन्धी निर्देशिका तयार भएको । एकिकृत बस्ती विकास कार्यक्रम (३४७१९२) स्थानीय तहमा जाने । | हरित गाउँ सहर निर्माण "नयाँ कार्यक्रम" भएकोले चालु आ.व.को बजेट तथा कार्यक्रममा नपरेको । |